
ताराखोला

# ई-बुलेटिन

मासिक

वर्ष-१, अङ्क-३, कार्तिक-२०७७



**ताराखोला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**अर्गल, बागलुङ**

# लघु वित्त संस्थाका प्रतिनिधिहरुसँग छलफल

गाउँपालिकालाई कार्य क्षेत्र बनाई बचत संकलन र ऋण प्रवाह गर्ने वित्तीय संस्थाहरुका प्रतिनिधी र कार्यालय प्रमुखहरुलाई यही असोज १८ गते उपस्थित गराई छलफल आयोजना गरिएको थियो । उक्त छलफल गाउँपालिका अध्यक्ष प्रकाश घर्तिकव संयोजकत्वमा सम्पन्न भएको थियो कार्यक्रममा सम्पूर्ण जनप्रतिनिधिहरु, प्रमुख प्रशासकीय अधिकृत तथा संस्थाका आवद्ध सम्पूर्ण सदस्यहरुको उपस्थिति थियो ।


बचत संकलन भन्दा ऋण प्रवाहको मात्रा बढी रहेको ब्याजदर बढी रहेको ऋणमा सेवा शुल्क बढी हुँदा ऋणीहरुलाई बढी व्ययभार पर्न गएको, प्रवाह भएको ऋणबाट अनुपात्दनशील क्षेत्रमा खर्च भएको ऋणीहरुलाई व्यवसायिक तालिम नभएको ऋण प्रवाहको अनुगमन हुने नगरेको जस्ता गुनासाहरुको विषयहरुमा छलफल गरी गाउँपालिकासँग सम्झौता गरेर मात्र आर्थिक कारोबार गर्ने, ऋणीहरुको ऋण सम्झौता भएपछि सोको जानकारी वडा कार्यालयमा गराउने ऋणीहरुलाई व्यवसायिक तालिम दिने, उत्पादनशील क्षेत्रमा मात्र ऋण प्रवाह गर्ने, अनुगमन प्रभावकारी गर्ने, व्यवसायिक कृषि र पशुपालनमा गाउँपालिकासँग सहकार्य गर्ने जस्ता विषयहरुमा सम्झौता गर्न प्रस्ताव तयार गरी छलफल गर्न अर्को पटक पुनः अन्तर्क्रिया आयोजना गरिने भएको छ ।

# गाउँपालिकामा रेडियोको सबस्टेशन स्थापना

गल्कोट एफ.एम. बाट प्रसारण भईरहेको रेडियो कार्यक्रम ताराखोला गाउँपालिकामा समेत विस्तार गर्ने उदेश्यले चालु आ.व. को गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत रु. ५ लाख र आर्थिक वर्ष २०७४।०७५ मा खरिद भएका सामाग्रीहरु समेत मिलाई गाउँपालिकाको अर्गल स्थित बहुदेश्यीय सभाहलमा गल्कोट एफ.एम.को सब-स्टेशन स्थापना गरिएको छ । कार्य सम्पन्न भइसकेकोले यसलाई छिट्टै सञ्चालनमा ल्याउने कुरा गल्कोट एफ.एम. ले जनाएको छ ।

# कार्यपालिकाको ८५ औं वैठक सम्पन्न

यही असोज २७ गते गाउँ कार्यपालिकाको ८५ औं वैठक सम्पन्न भएको छ । वैठकको अध्यक्षता गाउँपालिका अध्यक्ष प्रकाश घर्तिले गर्नुभएको थियो । वैठकमा वहुदेश्यीय सभाहल लगायत विभिन्न आयोजनाहरुमा भुक्तानी सम्बन्धी निर्णय भएको थियो । वैठकबाट ताराखोला गाउँपालिकाको एकिकृत नमुना कृषि फर्म स्थापना कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७७, सार्वजानिक खर्च मितव्ययीता सम्बन्धी निर्देशिका, २०७७ स्वीकृत गरिएको थियो भने ताराखोला गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ लाई पहिलो संसोधन गरिएको थियो । आर्थिक वर्ष ०७६/०७७ को गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुको लेखा परिक्षण गर्न इच्छुक लेखा परिक्षकहरुको रोष्टर तयार गर्न सूचना प्रकाशित गर्ने निर्णय भएको थियो ।



ताराखोला गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश नेपाल ।

प.सं.०७७।०७८
च.नं.

मिति : २०७७।०६।२९

**विषयः लेखा परीक्षण सम्बन्धमा ।**

श्री सम्वन्धित सूचिकृत लेखा परीक्षक ज्यूहरु

प्रस्तुत विषयमा यस ताराखोला गाउँपालिकाको स्थानिय शिक्षा ऐन, २०७६ को दफा ५१ एवं गाउँ कार्यपालिकाको मिति २०७७/०६/२७ गतेको निर्णय अनुसार ताराखोला गाउँपालिका र्अन्तर्गत सञ्चालित सबै सामुदायिक र संस्थागत विद्यालयहरुको आ.व. २०७६/०७७ सम्मको लेखापरीक्षण गर्न नेपाल चार्टड एकाउन्टेन्ट संस्थामा दर्ता भएका लेखा परीक्षकहरुको इच्छा पत्र माग गर्ने निर्णय भएकोले ईच्छुक रजिष्टर्ड लेखा परीक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले एक महिना (कार्तिक २९ गते) भित्र कार्यालय समयमा तपशिलका कागजातहरु सहित ताराखोला गाउँपालिका शिक्षा युवा तथा खेलकूद शाखामा निवेदन/आशय पत्र दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

१. सम्बन्धित व्यक्तिको निवेदन
२. लेखा परीक्षण दर्ता प्रमाणपत्रको प्रतिलिपि -१
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण निसा सहित)-१
४. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि-१
५. नागरीकता प्रमाणपत्रको प्रतिलिपि-१
६. गाउँपलिकाको आन्तरिक राजश्व खाता नं. १६७०१०९८५१००००६३ प्रभु बैक, ताराखोला शाखा मा रु. १०००/- निवेदन दस्तुर तिरेको सक्कल रसिद-१

सबिता कुमारी के.सी. पौडेल
(शिक्षा अधिकृत)

website:- www.tarakholamun.gov.npEmail.id :- ito.tarakholamun@gmail.com
"कृषि, वन, खनिज र पर्यटन उद्यमशीलताका लागि सबल पुर्वाधारः
समृद्ध समन्यायीक ताराखोला विकासको मूल आधार"

# ताराखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

(अर्गल, बागलुङ)

गण्डकी प्रदेश, नेपाल

प.सं. ०७७।०७८
च.नं.

मिति : २०७७।०६।२७

**विषयः नतिजा प्रकाशन गरिएको ।**

प्रस्तुत विषयमा ताराखोला गाउँपालिकाको विज्ञापन नं. ०६/०७७/०७८ र ०७/०७७/०७८ को मिति २०७७।०६।२८ मा प्रकाशित सूचना बमोजिम ताराखोला गाउँपालिकामा स्थापना गर्न लागिएको कोभिड-१९ अस्थाई अस्पताल सञ्चानको लागि स्टाफ नर्स २ जना र कार्यालय सहयोगी १ जना करार कर्मचारीको विज्ञापन गरिए अनुसार दरखास्त दिएका स्टाफ नर्समा २ जना र कार्यालय सहयोगी ३ जना मध्ये ताराखोला गाउँपालिकाको करार कर्मचारी भर्ना सम्बन्धी कार्यविधि २०७४ बमोजिम शैक्षिक योग्यता, अनुभव, स्थानीय वासिन्दा र अन्तरवार्ताको अङ्क समेत गरी कुल प्राप्ताङ्कबाट तपशिलका उम्मेदवारहरु छनौट हुन आएकोले सोही बमोजिमको योग्यताक्रम अनुसारको अन्तिम नतिजा प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**तपशिलः**

| क्र.स | पद | नामथर | ठेगाना | नतिजा | कैफियत |
|---|---|---|---|---|---|
| १. | स्टाफ नर्स | नितु खड्का | बा.न.पा.-१ | सिफारिस | |
| २. | स्टाफ नर्स | सविना राना मगर | ग.न.पा.-५ | सिफारिस | |
| ३. | कार्यालय सहयोगी | विमला पाण्डे खत्री | ता.गा.पा-२ | सिफारिस | |
| ४. | कार्यालय सहयोगी | सुमित्रा सुनार | ता.गा.पा.-३ | वैकल्पिक | |
| ५. | कार्यालय सहयोगी | खिमा घर्ति मगर | ता.गा.पा.-२ | वैकल्पिक | |

नोट : सिफारिस भएका उम्मेद्वारहरुले नियुक्ति लिन नतिजा प्रकाशित मितिले ७ दिन भित्र यस कार्यालयमा सम्पर्क गर्नुहोला ।

(रामप्रसाद शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

# ताराखोला गाउँपालिका

अर्गल, बागलुङ

२०७३

प.सं.०७७।०७८

च.नं.

गण्डकी प्रदेश नेपाल ।

मिति: २०७७।०६।१७

## सूचना ! सूचना !! सूचना !!!

संघीय आयोजना कार्यान्वयन इकाई/सघन शहरी तथा भवन निर्माण आयोजना २०७७।०७८ को च.नं २०५ मिति २०७७/०५/१५ पत्रानुसार यस गाउँपालिकाको लागि ९२ लाभग्राहीहरु निर्धारण भई आएकोमा सुरक्षित नागरिक आवास समन्वय समितिका संयोजकको निर्देशन अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५" को दफा १० (ख) अनुसार सम्वन्धित वडा कार्यालय मार्फत १० (दश) दिने सूचना जारी गर्ने निर्णय भएकोले सम्बन्धित वडा कार्यालयको क्षेत्रभित्र उपरोक्त अनुसारको घरधनीहरुले वडा कार्यालयवाट निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन भित्र वडा कार्यालयमा बुझाउनु हुन सम्वन्धित सवैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

.............................

अध्यक्ष

ताराखोला गाँउपालिका

website:- www.tarakholamun.gov.np Email.id :- ito.tarakholamun@gmail.com

"कृषि, वन, खनिज र पर्यटन उद्यमशीलताका लागि सबल पुर्वाधारः समृद्ध, समन्यायीक ताराखोला विकासको मूल आधार"

## Tarakhola Rural Municipality
## Office of Rural Municipal Executive
**Argal, Baglung**

### Invitation for Online Bids

***Date of Publication: 12 th October, 2020(2077/06/26)***

Office of Rural Municipal Executive, Tarakhola Rural Municipality, Argal, Baglung has allocated funds and intends to apply part funds to construct work of below mentioned contract.

| Contract ID | Name of Project | Estimated Amount NRs(Exclusive of VAT) | Bid Security(NRs) | Fee for Bid Documents(NRs) |
|---|---|---|---|---|
| Tarakhola/ebid/ NCB/02/077-78 | Widening of Lal Chowk-Sipa Road | 84,98,018.59 | 2,15,000 | 3,000 |

1. Bidders can get further information from Office of Tarakhola Rural Municipality, Argal, Baglung (FascalineNo.9857661114,Website:www.tarakholamun.gov.np) or visit PPMO's website: **www.bolpatra.gov.np/egp** and interested bidders should submit online bids through e-procurement portal **http://www.bolpatra.gov.np/egp** only and deposit the cost of bidding document in the following details : Account Holder: Tarakhola Rural Municipality Account No: 1670109851000013 (Prabhu Bank, Ghusmeli, Baglung Branch)
2. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Tarakhola Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**chief administrative officer**

## Tarakhola Rural Municipality
## Office of Rural Municipal Executive
Argal, Baglung

# INVITATION FOR ONLINE BIDS

**Date of Publication: 11th October, 2020 (2077/06/25)**

Office of Rural Municipal Executive, Tarakhola Rural Municipality, Argal, Baglung has allocated funds and intends to apply part funds to construct work of below mentioned contract.

| Contract ID | Name of Project | Bid Security (NRs) | Fee for Bid Documents(NRs) |
|---|---|---|---|
| Tarakhola/ebid/ NCB/01/077-78 | Widening of Ghusmeli-SabhaHall-Bukeni (Ward No 1) Road | 6,50,000 | 5,000 |

1. Bidders can get further information from Office of Tarakhola Rural Municipality, Argal, Baglung (Fascaline No.9857661114, Website: www.tarakholamun.gov.np) or visit PPMO's website: www.bolpatra.gov.np/egp and interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only and deposit the cost of bidding document in the following details :

   **Account Holder: Tarakhola Rural Municipality**

   **Account No: 1670109851000013 (Prabhu Bank, Ghusmeli, Baglung Branch)**
2. Any amendment in the tender notice will be posted in the PPMO's website. The office of Rural Municipal Executive, Tarakhola Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**